# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कात्तिक १६ गते २०३३ साल

श्री ५ को सरकार

रक्षा मन्त्रालयको

सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले शाही नेपाली सेना भैरवप्रसाद गुल्म, गोरखा ब्यारेकको लागि गण्डकी अञ्चल, गोरखा जिल्ला, गोरखकाली गाउँ पञ्चायत वार्ड नं. ७ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व माईली मगर्नीको पाखा, पश्चिम जग्गावाला निज गणेशमानको घर, उत्तर गणेशबहादुरको पाखा, दक्षिण लोकबहादुरको पाखो जग्गा यति ४ किल्लाभित्रको गणेशमान कसाईको नाममा दर्ता भएको पाखो डाँडा भन्ने जग्गा बीज ।.।.।.। १ (एक मुठी) को तिरो रू. ।१ (एक पैसा) लागेको पूरै कित्ता ।

आज्ञाले–
फणीन्द्रराज हमाल
श्री ५ को सरकारको सचिव



४६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## रक्षा मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले शाही नेपाली सेनाको लागि लुम्बिनी अञ्चल, पाल्पा जिल्ला, तानसेन नगर पञ्चायत वार्ड नं. ३ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२८ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

१. पूर्व मु. डिल्लीराजको र धनबहादुरको बारी, पश्चिम पाकुरी चौपारी बरतुङ्ग जाने ठाडो बाटो, दक्षिण मु. यज्ञप्रसादको बारी, उत्तर नागगोखरी चौपारी यति ४ किल्लाभित्रको पाल्पा तानसेनका चौ. क्षेत्रप्रसाद मलेगोका तालुकभित्रको मु. डिल्लीराजका हक भोगको व. नं. ७५ मध्ये तिरो रू. ।५५ (पचपन्न पैसा) लागेको जग्गा रोपनी ४–५–३$\frac{1}{4}$ (चार रोपनी पाँच आना सवा तीन पैसा) को कित्ता ।

२. पूर्व मु. डिल्लीराजकै बाँकी रहेको जग्गा बारीको माथिल्लो ढिक, पश्चिम सिद्धार्थ राजमार्गको टुँडिखेलतर्फ गएको सडक, उत्तर सावित्री कोइरालाको ठूलो बाटो बारी समेतको जग्गा, दक्षिण टुँडिखेलबाट अमरगञ्ज भैरवनाथ जाने ठाडो बाटो यति ४ किल्लाभित्रको पाल्पा तानसेनका चौ. क्षेत्रप्रसाद मलेगोका तालुकभित्रको मु. डिल्लीराजका हक–भोगका नं. ४६ को तिरो रू. ।६१ पैसा मध्ये ।६० (साठी पैसा) लागेको जग्गा रोपनी ३–४–०$\frac{1}{4}$ (तीन रोपनी चार आना सवा दाम) को कित्ता ।

३. पूर्व लामापाटाको ढिक, पश्चिम बाँसको बुट्टी, उत्तर ढुङ्गाको घेचे रामप्रसादको बार, दक्षिण डिल्ली पौडेलको बारको साँध यति ४ किल्लाभित्रको पाल्पा नारायणी गुठी वरतुङ्गका मु. इन्द्रबहादुर खड्का जिम्माको धनबहादुर दमाईको हकभोगको तिरो रू. ।(पाँच पैसा) लागेको जग्गा रोपनी २–१३–१$\frac{3}{4}$ (दुई रोपनी तेन्ह आना पौने दुई पैसा) को पूरै कित्ता ।

आज्ञाले–
फणीन्द्रराज हमाल
श्री ५ को सरकारको सचिव

४६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।